# कपिलवस्तु नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## तौलिहवा, कपिलवस्तु
५ नं. प्रदेश, नेपाल

फोन न.०७६-५६०३०५
०७६-५६०२०१
फ्याक्स न.०७६-५६००१९


पत्र संख्या : प्र. ०७६/०७७
चलानी नं. १९८६

मिति : २०७७/०३/१८

विषय : घरबाटो सिफारीस सम्बन्धमा ।

श्री अध्यक्ष ज्यूहरु,
वडा नं. १ देखि १२ को कार्यालय,
कपिलवस्तु नगरपालिका ।

प्रस्तुत विषयमा भूमिसुधार तथा मालपोत कार्यालय तौलिहवा, कपिलवस्तुको च.नं. ६६४६, मिति २०७७/०३/११ को घरबाटो सिफारीस सम्बन्धमा पठाइएको पत्र अनुसार त्यस वडा क्षेत्रको घर जग्गाको घरबाटोको सिफारीस सम्बन्धित वार्ड अध्यक्षबाट हुने कानूनी व्यवस्था रहेको र घर जग्गाको कारोबारबाट प्राप्त राजश्वको ७५ प्रतिशत सम्बन्धित पालिकामा जाने व्यहोरा अवगत नै छ । कतिपय अवस्थामा कतिपय वार्डबाट घर बाटोको सिफारिस आउदा निवेदकको निवेदनकै आधारमा दिइएको पाइयो, जसले गर्दा पक्की ग्रावेल बाटोलाई कच्ची र बाटो भएको जग्गा समेतलाई घरबाटो नभएको भन्ने जस्ता गलत सिफारीस आउन सक्ने तथा सो बाट राजश्व छलि भई प्रत्यक्ष रुपमा सम्बन्धित पालिकालाई नै घाटा लाग्ने हुँदा यसरी गलत सिफारीस बाट राजश्व छली हुदाँ सिफारीस कर्ता नै भ्रष्टाचार सम्बन्धि मुद्धामा मुछिने भएकोले सिफारीस दिदा कुनै द्धिविधा भएमा स्थलगत निरीक्षण समेत एकीन गरेर मात्र सिफारीस पठाउन हुन अनुरोध भई आएको हुदाँ सोही बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

.................
(हरि प्रसाद ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :
श्री भूमिसुधार तथा मालपोत कार्यालय, तौलिहवा कपिलवस्तु ।
श्री सूचना तथा प्रविधि शाखा : **website** मा **upload** गरि दिनु हुन ।